## वस्तुगत प्रश्नोत्तर

१. **बहुप्रतीक्षित राष्ट्रिय गौरवको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको उद्घाटन कहिले गरियो ?**

✍ विक्रम संवत् २०७८ असार २१ ।

- प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा प्रमनिवास बालुवाटारबाटै भर्चुअल रूपमा टर्बाइनको 'स्वीच अन' गरेर आयोजना उद्घाटन गरिएको ।
- कुल ४५६ मेगावाट क्षमताको सो आयोजनाको असार २१ मा पहिलो टर्बाइनबाट ७६ मेगावाट विद्युत् उत्पादन थालिएको ।
- सो आयोजनाका ७६ मेगावाट क्षमताका ६ वटा टर्बाइन रहेका । बाँकी टर्बाइन क्रमिक रूपले सञ्चालन गरिने कम्पनीले जनाएको ।
- ३५ अर्ब रुपियाँ निर्माण खर्च र १२ अर्ब रुपियाँ निर्माण अवधिको व्याजलागत सँगै ६ वर्षमा आयोजना तयार हुने प्रक्षेपण थियो । तर, विविध कारणले गर्दा आयोजना निर्माण खर्च ५२ अर्ब रुपियाँ र निर्माण अवधिको व्याज ३२ अर्ब रुपियाँ पुगी कुल लगानी ८४ अर्ब रुपियाँ नाघेको ।

२. **संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको सन् २०२० को प्रतिवेदनअनुसार नेपालको मानव विकास सूचकाङ्क कति रहेको छ ?**

✍ ०.६०२ (अघिल्लो वर्ष : ०.५७९)

३. **आर्थिक सर्वेक्षण २०७७/०७८ अनुसार २०७७ फागुनसम्म आधारभूत खानेपानी सुविधा पुगेको जनसङ्ख्या हिस्सा कति रहेको छ ?**

✍ ९१.५ प्रतिशत ।
(उच्च मध्यमस्तरको खानेपानी सुविधा पुगेको जनसङ्ख्या २३.० प्रतिशत रहेको । आर्थिक वर्ष ०७७/७८ को फागुनसम्म थप एक लाख ५५ हजार आठ सय आठ जनसङ्ख्या आधारभूत खानेपानीको सुविधाबाट लाभान्वित भएका । बहुप्रतीक्षित मेलम्ची खानेपानी आयोजनाको सुरुङ निर्माण सम्पन्न भई काठमाडौँमा पानी वितरण गर्न थालिएको ।)

४. **आर्थिक वर्ष ०७७/७८ मा कुल मूल्य अभिवृद्धिमा कृषि क्षेत्रको योगदान कति रहेको छ ?**

✍ २५.८ प्रतिशत ।
(गैरकृषि क्षेत्रको योगदान ७४.२ प्रतिशत रहने अनुमान रहेको । आर्थिक वर्ष ०७६/७७ मा यस्तो योगदान क्रमशः २६.२ प्रतिशत र ७३.८ प्रतिशत रहेको ।)

५. **नेपालको इतिहासमा 'आदर्श शासक'का रूपमा चिनिने राजा को हुन् ?**

✍ अंशुवर्मा ।

६. **युरोपको सबैभन्दा ठूलो र लामो नदी कुन हो ?**

✍ भोल्गा ।

७. **विश्वको सबैभन्दा ठूलो जलविद्युत् आयोजना कुन हो ?**

✍ थ्री गर्जेज (चीन) ।
(चीनको याङ्जे नदीमा निर्मित यस जलविद्युत् उत्पादन केन्द्रको विद्युत् उत्पादन क्षमता २२,५०० मेगावाट रहेको छ । विश्वको दोस्रो ठूलो जलविद्युत् आयोजना ब्राजिल र पाराग्वेको सिमानामा बग्ने पराना नदीमा निर्मित इटाइपी हाइड्रो इलेक्ट्रिक पावर प्लान्ट (१४,००० मे. वा.) हो ।)


८. **कुनै भौतिक परिमाण मापनका लागि बनाइएको स्टान्डर्ड परिमाण (स्टयान्डर्ड क्वालिटी)लाई के भनिन्छ ?**

✍ एकाइ (युनिट) ।
(भौतिक परिमाणका एकाइलाई आधारभूत एकाइ र तत्जन्य एकाइ गरी दुई भागमा विभाजन गरिएको ।)

९. **सूर्यले आकाश गङ्गाको तारापुञ्जीय केन्द्रको एकपटक परिक्रमा गर्न लाग्ने समयलाई के भनिन्छ ?**

✍ ब्रह्माण्ड वर्ष (कस्मिक इयर) ।

१०. **सरकार प्रमुखका रूपमा संयुक्त राष्ट्रसङ्घको महासभालाई सम्बोधन गर्ने नेपालका प्रथम प्रधानमन्त्री को हुन् ?**



✍ बीपी कोइराला ।

११. **फ्रान्सको राज्य क्रान्तिपछि शासन सत्ता कसले सम्हालेका थिए ?**

✍ नेपोलियन बोनापार्ट ।

१२. **मदन पुरस्कार प्राप्त गर्ने नेपालको प्रथम महिला साहित्यकार को हुन् ?**

✍ पारिजात ।

१३. **"पुनर्बल एउटा उद्दिपक हो, जसको प्रस्तुतीकरणले प्रतिक्रियाको सम्भावनालाई बढाँउछ" भन्ने भनाइ कसको हो ?**

✍ थर्नडाइक ।

१४. **मन्त्रिपरिषद् बैठकले नेपालको संविधान जारी भएको दिन असोज ३ गतेलाई राष्ट्रिय दिवसका रूपमा मनाउने निर्णय कहिले गरेको हो ?**

✍ विसं २०७३ वैशाख ७ ।

१५. **प्रशान्त महासागरको सबैभन्दा गहिरो स्थान मारियाना ट्रेन्च हो भने आन्ध्र महासागरको सबैभन्दा गहिरो स्थान कुन हो ?**

✍ प्युर्टोरिको ट्रेन्च ।

१६. **कुन हावापानीलाई शीत मरुभूमि तथा तेस्रो ध्रुवको हावापानीका रूपमा लिइन्छ ?**

✍ टुन्ड्रा हावापानी ।
(५००० मिटरभन्दा माथिको उच्चहिमाली क्षेत्रमा पाइने हावापानी)

१७. **कान्तिपुरका अन्तिम मल्ल राजा जयप्रकाश मल्ल हुन् भने भक्तपुरका अन्तिम मल्ल राजा को हुन् ?**

✍ रणजित मल्ल ।

१८. **भारतपछि दक्षिण एसियामा सबैभन्दा बढी भाषा भएको देश कुन हो ?**

✍ नेपाल ।

१९. **हेनरी डयुना कुन संस्थाका संस्थापक हुन् ?**

✍ रेडक्रस ।

२०. **नेपालमा बर्सेनि नयाँ वर्षको पहिलो सप्ताहलाई 'वन्यजन्तु सप्ताह' का रूपमा कहिलेदेखि मनाउँदै आइएको छ ?**

✍ विसं २०५३ ।
(विसं २०७३ वैशाख पहिलो साता 'वन्यजन्तुको भविष्यहाम्रो हातमा' भन्ने नारासाथ २१औँ वन्यजन्तु सप्ताह मनाइएको ।)

२१. **एसियाको नोबल पुरस्कार भनी चिनिने म्यागासेसे पुरस्कार प्राप्त गर्ने पहिलो नेपाली को हुन् ?**

✍ महेशचन्द्र रेग्मी ।

२२. **नेवारी भाषा कुन भाषा परिवारअन्तर्त पर्छ ?**

✍ भोटबर्मेली ।

२३. **जलवायु परिवर्तनको अनुकूलनमा नवीनतम समाधानका कार्यक्रमलाई प्रवर्द्धन गर्ने उद्देश्यले सन् २०१६ अप्रिलमा घोषणा गरिएको पुरस्कार कुन हो ?**

✍ अनुकूलन व्यापकता प्रवर्द्धन पुरस्कार ।
(बेलायती अन्तर्राष्ट्रिय विकास नियोग (डीएफआईडी) को आर्थिक सहयोग एवम् आईएमसी वर्ल्डवाइडको व्यवस्थापकीय सहकार्यमा आइडियाज टु इम्प्याक्ट नामक संस्थाद्वारा सो पुरस्कार घोषणा गरिएको हो । यस पुरस्कारअन्तर्गत दुई छुट्टाछुट्टै पुरस्कार रहेका छन् । पहिलो चरणको प्रोत्साहन पुरस्कारको राशि एक लाख ५० हजार पाउन्ड स्टर्लिङ र दोस्रो चरणको कार्यान्वयन पुरस्कारको राशि तीन लाख २५ हजार पाउन्ड स्टर्लिङ रहेको छ । यो पुरस्कारमा छनोट हुन सङ्घ संस्थाले दुई चरणमा आफूलाई योग्य प्रमाणित गर्नुपर्नेछ ।)

२४. **स्मार्ट प्रविधिको प्रयोग बढाई ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यसाथ ट्राफिक मोबाइल एपको शुभारम्भ कहिले गरियो ?**

✍ विसं २०७३ वैशाख २० ।

- एपमा ट्राफिकसम्बन्धी विविध जानकारी उपलब्ध गराइएको । यसको प्रयोग गरी तत्समयमा भइरहेको ट्राफिक गतिविधि, सूचना, दुर्घटनालगायतका बारेमा मोबाइलमै नोटिफिकेसनका रूपमा थाहा पाउन सकिने ।
- एपमा अस्पताल, प्रहरी, एम्बुलेन्सलगायतका अत्यावश्यक फोन नम्बरसमेत उपलब्ध रहेको ।
- नेपाल भरका विभिन्न स्थानमा यात्रा गर्दा लाग्ने भाडाको विवरण पनि उपलब्ध हुने ।
- एपमा ट्राफिक सङ्केत रहेको ।
- एपमा प्रहरीलाई गोप्य सूचना पठाउन सकिने सुविधा पनि रहेको ।
- ट्राफिकसँग सम्बधित जनचेतनामूलक भिडियो, गीत तथा अन्य गतिविधिबारे डकुमेन्ट्री तथा तस्बिर पनि उपलब्ध ।

२५. **प्राचीन ओलम्पिक खेलकुदको सुरुवात कहाँबाट भएको हो ?**

✍ ग्रीसको ओलम्पिया ।

२६. **बुद्धले ज्ञान प्राप्त गरेपछि आफ्नो पहिलो उपदेश कहाँ दिएका थिए ?**

✍ सारनाथ ।

२७. **मनोविज्ञानका प्रवर्तक को हुन् ?**

✍ सिग्मन्ड फ्रायड ।

२८. **आर्थिक वर्ष २०७७/७८ अनुसार नाफामा रहेका सार्वजनिक संस्थानको सङ्ख्या कति रहेको छ ?**

✍ २४ ।
(२४ नाफामा र १८ नोक्सानीमा सञ्चालित छन् भने दुई संस्थानको कारोबार शून्य रहेको छ ।)

२९. **सन् २०२० मा सबैभन्दा बढी पर्यटक आउने पाँच मुलुक कुन-कुन हुन् ?**

✍ क्रमशः भारत १७.५ प्रतिशत, म्यानमार ९.१ प्रतिशत, थाइल्यान्ड ९.० प्रतिशत, चीन ८.४ प्रतिशत र अमेरिका ७.७ प्रतिशत रहेका ।

३०. **साइप्रसमा पहिलो महिला सभामुख बन्ने राजीतिज्ञ को हुन् ?**

✍ अन्निटाडिमेट्रिओ ।


३१. **विश्वकै सबैभन्दा सानो राष्ट्र कुन हो ?**

✍ भ्याटिकन सिटी (०.४ वकिमि) ।
(यो राष्ट्र इटालीको राजधानी रोम सहरभित्र अवस्थित छ । यो क्षेत्रफल र जनसङ्ख्या दुवै हिसाबले विश्वको सानो राष्ट्रका रूपमा रहेको छ ।)

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# वित्तीय सङ्घीयता



१. **वित्तीय सङ्घीयता भनेको के हो ? नेपालमा यससम्बन्धी के-कस्तो व्यवस्था छ ?चर्चा गर्नुहोस् ।**

✍ सङ्घीय प्रणालीका सरकारले आर्थिक अधिकारको स्वतन्त्रतापूर्वक प्रयोग गर्न पाउने व्यवस्थालाई वित्तीय सङ्घीयता भनिन्छ । यसमा सङ्घीय इकाइले वित्तीय अधिकारको प्रयोग गर्ने, जिम्मेवारी लिने, उत्तरदायित्व वहन गर्ने गर्छन् । यसले सबैभन्दा नजिकको सरकार सेवा प्रवाहमा बढी कार्यकुशल हुन्छ र यसलाई साधन स्रोत, शक्ति र जिम्मेवारी दिइनुपर्छ भन्ने मान्यता राख्छ । यो सङ्घीय प्रणालीको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो । सङ्घीय प्रणालीका सबै सरकार संविधान र कानुनबमोजिमका आर्थिक एवम् वित्तीय अधिकार प्रयोग गर्नमा स्वतन्त्र हुन्छन् र यी निकायले आपसमा स्रोत साधन, जिम्मेवारी एवम् प्रशासनको साझेदारी गर्न पनि सक्छन् । वित्तीय सङ्घीयताभित्र खासगरी खर्चको जिम्मेवारी, राजस्व अधिकार, अन्तरसरकारी वित्तीय हस्तान्तरण, आन्तरिक ऋण, प्राकृतिक स्रोतको परिचालनलगायतका विषय पर्छन् । नेपालको सङ्घीय प्रणालीमा संविधान र कानुनले यी विषयलाई व्यवस्थित गरेका छन् ।

**नेपालमा वित्तीय सङ्घीयतासम्बन्धी व्यवस्था**

- नेपालमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको सङ्घीय प्रणाली छ । यी सरकारमा कार्य जिम्मेवारी, राजस्व अधिकार, कार्यान्वयन संयन्त्र व्यवस्थित गरी वित्तीय सङ्घीयता कार्यान्वय नभइरहेको छ । वित्तीय सङ्घीयतालाई व्यवस्थित गर्न नेपालमा निम्नअनुसारको व्यवस्था छ :
- कानुनी व्यवस्था :
- नेपालको संविधान
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन-२०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन-२०७४

वित्तीय सङ्घीयतालाई मूलभूत रूपमा उपरोक्त कानुनले व्यवस्थित गरे पनि निम्नकानुनले पनि यसलाई सहयोग गरेको पाइन्छ :

- सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- स्थानीय सरकार सञ्चालन ऐन-२०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन-२०७६

**संस्थागत व्यवस्था**

- सङ्घ, प्रदेश र स्थानीय तहबीच अन्तरसरकारी वित्त व्यवस्थापनका विषयमा आवश्यक परामर्श तथा समन्वय गर्न नेपाल सरकारको अर्थमन्त्रीको संयोजकत्वमा अन्तर सरकारी वित्त परिषद्को गठन,
- सङ्घ, प्रदेश र स्थानीय तहबीच राजस्व बाँडफाँड, अनुदान वितरण, आन्तरिक ऋणको सीमा, प्राकृतिक स्रोतको बाँडफाँड, राजस्व असुलीमा सुधारलगायतका विषयमा विस्तृत आधार तथा ढाँचा निर्धारण गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको गठन,
- सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा अन्तरसम्बन्ध व्यवस्थित गर्न प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय समन्वय परिषद् गठन,
- प्रदेश र स्थानीय तहबीच समन्वय तथा अन्तरसम्बन्ध व्यवस्थित गर्न प्रत्येक प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश समन्वय परिषद् गठन,

**खर्चको जिम्मेवारी**

- सङ्घको अधिकार संविधानको अनुसूची-५ मा ३५ विषयमा निहित छन्, यी विषयमा सङ्घीय संसदले कानुन बनाउन सक्ने,
- प्रदेशको अधिकार संविधानको अनुसूची-६ मा २१ विषयमा निहित छन्, यी विषयमा प्रदेशसभाले कानुन बनाउन सक्ने,
- सङ्घ र प्रदेशको साझा अधिकार संविधानको अनुसूची-७ मा २५ विषयमा निहित छन्, यी विषयमा सङ्घीय संसद् र प्रदेशसभाले कानुन बनाउन सक्ने,
- स्थानीय तहको अधिकार संविधानको अनुसूची-८ मा २२ विषयमा निहित छन्, यी विषयमा गाउँ/नगरसभाले कानुन बनाउन सक्ने,
- सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार संविधानको अनुसूची-९ मा १५ विषयमा निहित छन्, यी विषयमा सङ्घीय संसद्, प्रदेशसभा, गाउँ/नगरसभाले कानुन बनाउन सक्ने,
- अवशिष्ट अधिकार सङ्घको अधिकार हुने,

**राजस्व अधिकार**

- सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारको विषयमा नीति तथा कानुन बनाउने, निर्णय गर्ने, वार्षिक बजेट बनाउने, योजना बनाउने र त्यसको कार्यान्वयन गर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तहले आ-आफ्नो तहको बजेट बनाउने,
- सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतबाट राजस्व उठाउन सक्ने,
- सङ्घले साझा सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागू हुनेगरी आवश्यक नीति, मापदण्ड र कानुन बनाउन सक्ने,

सङ्घ, प्रदेश र स्थानीय तहमा देहायबमोजिम राजस्व अधिकार हुने व्यवस्था छ :

**सङ्घको राजस्व अधिकार**

- भन्सार, अन्तःशुल्क, मूल्यअभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवाशुल्क दस्तुर, दण्ड जरिवाना

**प्रदेशको राजस्व अधिकार**

- घर-जग्गा रजिष्ट्रेसन शुल्क, सवारीसाधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवाशुल्क दस्तुर, दण्ड जरिवाना

**स्थानीय तहको राजस्व अधिकार**

- सम्पत्ति कर, घर बहाल कर, घर-जग्गा रजिष्ट्रेसन शुल्क, सवारीसाधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन,
- अन्तरसरकारी वित्तीय हस्तान्तरण

यसअन्तर्गत राजस्व स्रोतको बाँडफाँड र अनुदान पर्छन् । जुन निम्न व्यवस्था छ :

- राजस्व स्रोतको बाँडफाँड
- मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट प्राप्त अन्तःशुल्क रकम ७० प्रतिशत नेपाल सरकार, १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीय तहमा बाँडफाँड हुने,
- अनुदान वितरण

नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई निम्नअनुदान वितरण गर्ने :

- वित्तीय समानीकरण अनुदान
- ससर्त अनुदान,
- समपूरक अनुदान
- विशेष अनुदान
- आन्तरिक ऋण
- नेपाल सरकार, प्रदेश र स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने तर प्रदेश र स्थानीय तहले आन्तरिक ऋण लिनु अघि नेपाल सरकारको सहमति लिनुपर्ने,
- प्राकृतिक स्रोतको परिचालन
- प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी (विद्युत्, वन, खानी, पर्वतारोहण, पानी तथा अन्य) नेपाल सरकार ५० प्रतिशत, सम्बन्धित प्रदेश २५ प्रतिशत र सम्बन्धित स्थानीय तह २५ प्रतिशत बाँडफाँड हुने,

२. **नेपालको निजामती सेवाको बढुवा प्रणालीलाई पूर्वानुमानयोग्य बनाउने उपाय के-के हुन् ? लेख्नुहोस् ।**

✍ कर्मचारीको पद, तलब सुविधा, प्रतिष्ठा तथा जिम्मेवारी बढ्ने कार्य बढुवा हो । यो कर्मचारीको उत्प्रेरणाको महत्त्वपूर्ण आधार हो । नेपालको निजामती सेवामा बढुवा प्रणालीलाई व्यवस्थित गर्न निजामती सेवा ऐन-२०४९ र नियमावली, २०५० लागू गरिएको छ । लोकसेवा आयोगको अध्यक्ष वा निजले तोकेको लोकसेवा आयोगको सदस्यको अध्यक्षतामा बढुवा समितिको गठन गरिएको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पनि बढुवा कार्यमा महत्त्वपूर्ण भूमिका राखिएको छ र पनि नेपालको निजामती सेवाको बढुवा प्रणाली पूर्वानुमानयोग्य हुन सकेको छैन, यसका लागि निम्नउपाय अवलम्बन गर्नुपर्छ :

- ज्येष्ठता पद्धति लागू गर्ने, यसबाट ज्येष्ठ कर्मचारीको सबैभन्दा पहिले बढुवा हुने,
- व्याच बढुवा पद्धति अवलम्बन गर्ने, पहिलो व्याच पहिले बढुवा हुने, त्यसपछि क्रमशः अरू व्याचको पालो आउने,
- सबै सेवा समूहमा एकरूपता हुनेगरी दरबन्दी अनुपात १ : ३ बनाउने, यसबाट सबै कर्मचारीको बढुवामा समानता आउने,
- एकीकृत निजामती सेवा प्रणाली लागू गरी निजमती सेवामा तहगत प्रणाली अवलम्बन गर्ने,
- शाखा अधिकृतमा खुला प्रवेश गरेपछि त्योभन्दा माथिका सबै पदमा बढुवा पद्धति लागू गर्ने,
- वर्षमा कम्तीमा दुईपटक बढुवा विज्ञापन व्यवस्था गर्ने,
- प्रत्येक कर्मचारीको कार्यविवरण तयार गर्ने, कार्यसम्पादनको वैज्ञानिक सूचक विकास गरी सोही सूचकका आधारमा मूल्याङ्कन गर्ने प्रणाली विकास गर्ने,
- कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा हाकिम, सेवाग्राही, मातहतका सहयोगी कर्मचारी, समान प्रतिस्पर्धी तथा कर्मचारी स्वयम् आफैँबाट समेत मूल्याङ्कन गराउने व्यवस्था गर्ने, कार्यसम्पादन मूल्याङ्कनलाई सकेसम्म वस्तुगत, वैज्ञानिक र पारदर्शी बनाउने,

३. **नेपालको संविधानमा नागरिकका आधारभूत आवश्यकतासम्बन्धी के-कस्ता नीतिगत व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।**

✍ नेपालको संविधानको धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिगत व्यवस्था छ, जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

**शिक्षा**

- वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी शिक्षा,
- सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार,
- शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि, यसमा भएको निजी क्षेत्रको लगानी नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,
- उच्च शिक्षा सहज, गुणस्तरीय र पहुँचयोग्य, क्रमशः निःशुल्क,
- सामुदायिक सूचना केन्द्र स्थापना र प्रवर्द्धन,
- पुस्तकालय स्थापना र प्रवर्द्धन,

**स्वास्थ्य**

- स्वास्थ्य क्षेत्रमा राज्यको लगानी अभिवृद्धि, यसमा भएको निजी क्षेत्रको लगानी नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,
- जनस्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि,
- स्वास्थ्य सेवामा गुणस्तरीयता,
- सबैको सहज, सुलभ र समान पहुँच,
- परम्परागत चिकित्सा पद्धति आयुर्वेदिक, प्राकृतिक चिकित्सा र होमियोपेथिकलगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्द्धन,
- स्वास्थ्य अनुसन्धान,
- स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको सङ्ख्या वृद्धि,
- क्षमता र आवश्यकताका आधारमा जनसङ्ख्या व्यवस्थापनका लागि परिवारनियोजनलाई प्रोत्साहित गर्ने,
- मातृशिशु मृत्युदर घटाई औसत आयु बढाउने,

**स्वास्थ्य बीमा**

- नागरिकको स्वास्थ्य बीमा,
- स्वास्थ्य उपचारमा पहुँच,

**कृषि**

- कृषि क्षेत्रमा लगानी अभिवृद्धि,

**खाद्य**

- खाद्य सम्प्रभुता,
- जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादन,
- खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा, सुलभ तथा प्रभावकारी वितरण,

**सरकारी वस्तु र सेवा**

- वस्तु तथा सेवामा नागरिकको समान पहुँच,
- दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता,
- योजनाबद्ध आपूर्तिको व्यवस्था,

**यातायात सुविधा**

- नागरिकको सरल, सहज र समान पहुँच,
- यातायात क्षेत्रमा लगानी अभिवृद्धि,
- सार्वजनिक यातायातलाई प्रोत्साहन,
- निजी यातायातको नियमन,
- यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गमैत्री,
- वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता,

**बसोवास तथा बस्ती**

- अव्यवस्थित बसोवासलाई व्यवस्थापन,
- योजनाबद्ध र व्यवस्थित बस्ती विकास,

४. **नेपालमा विभागीय मन्त्री/राज्यमन्त्रीले के-कस्ता विषयमा वित्तीय उत्तरदायित्व वहन गर्नुपर्ने व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।**

✍ सरकारी वित्त व्यवस्थापनअन्तर्गत पर्ने आय र व्यय, बजेट, आयोजना व्यवस्थापन, आर्थिक कारोबारलगायतका कार्यमा जिम्मेवार बन्ने, जवाफ दिने, प्रतिवेदन गर्ने एवम् पारदर्शिता ल्याउने कार्य वित्तीय उत्तरदायित्व हो । यही वित्तीय उत्तरदायित्व वहन गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदयित्व ऐन-२०७६ को दफा ५० ले विभागीय मन्त्री/राज्यमन्त्रीलाई देहायका विषयमा वित्तीय उत्तरदायित्व वहन गर्नुपर्ने व्यवस्था गरेको छ :

- बजेट प्रस्ताव गर्ने,
- बजेट समर्पण गर्ने गराउने,
- योजना छनोट गर्ने,
- योजना तथा कार्यक्रमको अनुगमन गर्ने,
- मध्यमकालीन खर्च संरचना तयार गर्ने,
- सरकारी सम्पत्तिको संरक्षण, व्यवस्थापन गर्ने गराउने,
- यसैगरी, विभागीय मन्त्री/राज्यमन्त्रीबाट उपरोक्त वित्तीय उत्तरदायित्व वहन भए/नभएको सम्बन्धमा प्रधानमन्त्रीबाट निगरानी हुने व्यवस्था पनि उक्त ऐनले गरेको छ ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

QUESTION BANK NEPAL